२०७९ भदौ २६ गते तदनुसार (September 11, 2022) आईतवारको बैठकमा पेश भएका कार्यसूचीहरु :

१. अघिल्लो कार्यपालिका बैठकको निर्णय समिक्षा सम्बन्धमा ।
२. स्थानीय भूउपयोग परिषद गठन तथा भूउपयोग ऐन, नियमावलीले तोकेको काम सम्बन्धमा ।
३. सिद्धस्थान आ.वि.को भवनको सामान लिलाम बिक्री अनुमति सम्बन्धमा ।
४. गाउँ शिक्षा समिति सदस्य मनोनयन सम्बन्धमा ।
५. ईन्टरनेट सेवा बिस्तार तथा सम्झौता सम्बन्धमा ।
६. गाउँपालिका गान तथा लोगो निर्माण समिति गठन सम्बन्धमा ।
७. एक गाउँ एक उत्पादन कार्यक्रम प्रस्ताव माग सम्बन्धमा ।
८. पुल हेरालुको सुविधा सम्बन्धमा ।
९. बधशाला निर्माण सम्बन्धमा ।

## २०७९ साल भदौ २६ गते आईतवारको बैठकका निर्णयहरु:

निर्णय नं.१: यस उँपालिकाको गाउँ कार्यपालिका बैठकको अघिल्लो निर्णयहरुको बारेमा के. कति र कसरी कार्यान्वयन भयो भनेर समिक्षा गरियो । उपभोक्ता समिति गठनको काम सबै वडामा सकिएको र उपभोक्ता समितिको पदाधिकारीहरुलाई अभिमूखीकरण कार्यक्रम सेड्युल अनुसार भइरहेको जानकारी भयो । अन्य कार्यान्वयन नभएका निर्णयहरु कार्यान्वयनको लागि गाउँपालिकाका शाखाहरुलाई तथा वडा कार्यालयहरुलाई परिपत्र गर्ने निर्णय गरियो ।

निर्णय नं.२.मालपोत कार्यालय, ओखलढुङ्गाको चलानी नं. १९९, मिति २०७९/५/२२ को पत्रानुसार ब्यहोरा अवगत भयो । भूउपयोग ऐन, २०७६ तथा नियमावली, २०७९ र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्रानुसार स्थानीय तहहरुलाई भूउपयोग ऐन तथा नियमावलीले निर्देशित गरे बमोजिम बुँदाहरु कार्यान्वयनमा लैजान निर्देशन भइ आएको हुँदा सो अनुसार लागू गर्ने निर्णय गरियो ।

भूउपयोग ऐन, २०७६ को दफा १८ बमोजिम गठन हुने स्थानीय भूउपयोग परिषद गाउँ कार्यपालिका नै रहने व्यवस्था भएको हुँदा आजको कार्यपालिका बैठकबाट यस मानेभन्ज्याङ गाउँ कार्यपालिकाका सम्पूर्ण सदस्यहरु नै स्थानीय भूउपयोग परिषदको सदस्य रहने गरी परिषद गठन गरियो ।

निर्णय नं.३. यस मानेभन्ज्याङ गाउँपालिकाको वडा नं. ५ को श्री सिद्धस्थान आ.वि., रिचुवा को च.नं.५४ मिति २०७९/०५/१५ को पत्रानुसार र वि.व्य.स.को निर्णय अनुसार उक्त विद्यालयको भवन जिर्ण भएको र सो भवन भत्काएर नयाँ बनाउनु पर्ने साथै भत्काउँदा निस्कने सामग्रीहरु लिलाम बिक्री गर्ने भनी अनुमति माग भएको हुँदा ऐन, कानुनले व्यवस्था गरेको प्रक्रिया अनुसार लिलामी गरी लिलाम बिक्रीबाट प्राप्त भएको स्रोत विद्यालयको खातामा जम्मा गर्ने गरी अनुमति दिने निर्णय पारित गरियो ।

निर्णय नं.४: मानेभन्ज्याङ गाउँपालिकाको शिक्षा ऐन,२०७६ को दफा १६ मा गाउँ शिक्षा समितिको गठन व्यवस्था भएको हुँदा सो दफाको उपदफा "घ" र "ङ" को व्यवस्था अनुसार गाउँ कार्यपालिकाले सदस्यहरु मनोनित गर्नु पर्ने हुँदा तपसिल अनुसार मनोनित गर्ने निर्णय गरियो ।

तपसिल:

१. श्री दिपकराज पोखरेल, गाउँसा सदस्य

२. श्री कृष्ण कुमारी राई, गाउँसभा सदस्य

३. श्री सुन्तला परियार, समाजसेवी, शिक्षाप्रेमी तथा अल्पसङ्ख्यक

४. श्री दिवराज राई, समाजसेवी, शिक्षाप्रेमी तथा अल्पसङ्ख्यक

**निर्णय नं.५:** यस मानेभन्ज्याङ गाउँपालिकाको प्रत्येक वडामा ईन्टरनेट आवश्यक रहेको हुँदा नेट विस्तारको लागि ईन्टरनेट सेवा प्रदायक कम्पनीसँग सम्झौता गरी साझेदारीमा जडान गर्ने, जडानको लागि आवश्यक सम्पूर्ण समाग्रीहरु गाउँपालिकाले उपलब्ध गराउने, सेवा प्रदान गरे बापत कम्पनिले लिने शुल्कबाट आपसी समझदारीमा गाउँपालिकालाई समेत हिस्सेदारी हुने गरी ईन्टरनेट बिस्तार गर्ने निर्णय गरियो ।

निर्णय नं.६:मानेभन्ज्याङ गाउँपालिकाको आ.व. २०७९/८० मा नीति तथा कार्यक्रम अनुसार गाउँपालिकाले आफ्नो छुट्टै पहिचान बोकेको गाउँपालिका गान र गाउँपालिका लोगो निर्माणको लागि बजेट व्यवस्थापन गरेको हुँदा उक्त कार्य गर्नको लागि आजको कार्यपालिका बैठकबाट छनौट समिति गठन गर्ने निर्णय गरियो । यस समितिलाई सम्पूर्ण कार्य सम्पादनको अधिकार रहनेछ ।

समिति:

संयोजक: श्री प्रदिप कुमार राई (ब्याकुल माइला), राष्ट्रिय गानका लेखक ।

सदस्य: श्री पुष्पहरी क्याम्पा राई, पत्रकार नेपाल टेलिभिजन/गीतकार

सदस्य-सचिव: श्री छविलाल राई, प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं.७: प्रदेश कृषि मन्त्रालयमा यस मानेभन्ज्याङ गाउँपालिकालाई "एक गाउँ, एक उत्पादन" कार्यक्रम अन्तरगत "केरा खेती" छनौट गरी आवश्यक प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.८: साविक जिल्ला विकास समितिबाट पुल हेरालुको रुपमा सेवा पाइरहेका हाल सो सेवा सुबिधाको दायित्व गाउँपालिकालाई हस्तान्तरण भई आएको हुँदा साविक जिविसबाट पुल हेरालुको नियुक्ती लिएका व्यक्तिहरु के कति रहेको सो को तथ्याङक सकंलन गरी उनीहरुले पाउने मासिक सुबिधा रु. ५ सय यस आ.व.२०७९/८० बाट लागू हुने गरी प्रदान गर्न/ कामकाज गर्न जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. ९: यस गाउँपालिकाको केन्द्र वडा नं.५,मानेभन्ज्याङमा पशु बधशाला अति आवश्यक परेको हुँदा गाउँपालिकाको तर्फबाट प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामा बधशाला निर्माणको लागि माग गर्ने निर्णय गरियो ।